☎ कार्यालय कक्ष ५२००६०
योजना ५२००६५
दमकल/खानेपानी ५२००३०

"स्वच्छ समृद्धसुसंस्कृत इलाम"

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# कुवाधारा, इलाम

Ilam Municipality
Office of the Municipal Executive

प.स. सा.वि.शा आ.व.०७४।०७५
च.न. ३२८३

मिति :- २०७५/०५/१

**विषय :- परिचय पत्र प्राप्तिका लागि दरखास्त दर्ता गराउने तथा नविकरण गर्ने बारेको सूचना ।**

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ परिच्छेद २ दफा ६ वमोजिम लाभग्राहीको नाम दर्ता गर्न यस इलाम नगरपालिका क्षेत्रभित्रका देहायमा उल्लेखित लक्षित समुहमा पर्ने **नेपाल सरकार वा नेपाल सरकारको मान्यताप्राप्त संघसंस्था, कम्पनीबाट तलव,भत्ता पेन्सन वा यस्तै अन्य सुविधा पाईरहेका व्यक्ति बाहेक** यस सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ वमोजिम भत्ता, वृत्ति सुविधा उपभोगको लागि यस नगरपालिका कार्यालयबाट उपलब्ध गराइने अनुसुची ४(क),(ख),(ग),को ढांचा वमोजिम आगामी २०७६ श्रावण १ गते **(आर्थिक वर्ष २०७६/२०७७)** देखि लागू हुने गरि यस कार्यविधि अनुसार २०७५ फाल्गुण मसान्तमा पुरा उमेर पुग्ने भएमा उक्त व्यक्तिले नयां परिचय पत्र प्राप्त गर्न तोकिएको निवेदन ढांचामा आवेदन पेश गर्नको लागि सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको हुंदा देहायमा लक्षित समुहको लागि देहाय वमोजिम प्रकृया पूरा गरी यस नगरपालिका कार्यालयमा दरखास्त दर्ता गराउन हुन सम्वन्धित सवैमा जानकारीको लागि अनुरोध छ ।

निम्न :–

क . **ज्येष्ठ नागरिक :-**

(अ) ७० वर्ष उमेर पूरा भएका **(२००६ साल फागुण मसान्त भित्र जन्म भई सकेका)** सवै ज्येष्ठ नेपाली नागरिक ।

(आ) ६० वर्ष उमेर पूरा भएका **(२०१६साल आषाढ मसान्त भित्र जन्म भई सकेका )** दलित समुदायका सवै दलित नेपाली नागरिक ।

(क).पहाडे मूलः-गन्धर्व(गाइने),परियार(दमाई,दर्जी,सुचिकार,नगर्ची,ढोली,हुड्के)बादी,विश्वकर्मा, कामी, लोहार, सुनार, ओड, चुनंरा, पार्की, (टमटा) ,सार्की (मिजार, चर्मकार , भुल)

ख.मधेशी मूलः-कलर, ककैहिया,कोरी,खटिक,खत्वे,(मण्डल,खङ्ग)चमार,मोची,हरिजन,रविदास,चिडिमार, डोम( मरिक),तत्मा (तांती, दास) दुसाध (पासवान,हजरा),धोवी(रजक)हिन्दु ,पासी,बांतर,मूसहर,मेस्तर ( हलखोर),सरभङ्ग(सरवरिया) आदि) ।

ख **लोपोन्मुख आदिवासी/जनजाति :-**

यस कार्यविधिको अनुसुची २ मा उल्लेख भए वमोजिम सवै लोपोन्मुख आदिवासी/जनजाति नेपाली नागरिक **(जस्तै :-कुसुण्डा,वनकरिया,राउटे,सुरेल,हायु, राजी,किसान,लेप्चा, मेचे र कुशवाडिया आदि)**

ग. **एकल महिला** - ६० वर्ष उमेर पूरा भएका (२०१६ साल आषाढ मसान्त भित्र जन्म भई सकेका ) विवाह नगरी बसेका वा सम्बन्ध विच्छेद भएका सबै एकल महिला ।

घ .**विधवा** - पतिको मृत्यू भएका जुनसुकै उमेरका एकल महिला ।

ङ . **अशक्त अपाङ्गता भएका व्यक्ति** :-महिला तथा बालबालिका कार्यलयबाट रातो कार्ड प्राप्त पूर्ण अशक्त , अपाङ्गता भएका र निलो कार्ड प्राप्त अति अशक्त अपाङ्गता भएका सबै नेपाली नागरिक ।

च - **विपन्न्न दलित परिवारका देहाय बमोजिमका बालबालिका**

पाँच बर्ष ननाघेका दलित परिवारका बालबालिका : (क) पहाडे मूल: - गन्धर्व (गाइने) परियार ( दमाइ , दर्जी ,सुचीकार नगर्ची , ढोली , हुडके) बादी , विश्वकर्मा (कामी ,लोहार, सुनार , ओड, चुर्नरा , पार्की , टमटा )



महेन्द्रकुमार खाम्याहाङ
प्रमुख प्रशासकीय अधिकृत

**मूल** :- कलर , ककैहिया , कोरी , खटिक ,खत्वे (मण्ड,खङ्ग)चमार , मोची,हरिजन ,रविदाश,चिडीमार , डोम (मरिक) ,तत्मा (ताती,दास) दुसाध (पासवान् ,हरजा), धोवी (रजक ) हिन्दू,पासी , बांतर ,मुसहर, मेस्तर (हलखोर) सरभङ्ग(सरवरिया) ।

**दरखास्तका साथ निम्नानुसारका कागजात संलग्न गर्नु पर्नेछ ।**

१ सबै लाभग्राहीको हकमा २ प्रति पासपोर्ट साइजको फोटो
२ बालबालिका बाहेकका सबै लाभग्राहीको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ प्रति
३ बालबालिकाको हकमा जन्म दर्ता प्रमाण पत्रको पतिलिपि र आमा वा आमा नभए संरक्षकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
४ **एकल महिलाको हकमा** (क.) अविवाहिताको प्रमाण (ख) .सम्बन्ध विच्छेदको प्रमाणको प्रतिलिपि १ प्रति
५ **विधवा** (क). नाता प्रमाणित पत्रको प्रतिलिपि ( ख) विवाह दर्ताको प्रमाण पत्रको प्रतिलिपि तथा विवाह भएको सिफारिस पतिको मृत्यू दर्ता , नागरिकताको प्रतिलिपि
६ अन्यत्रबाट वसाई सराई वा अन्य जिल्लाबाट नागरिकता लिनेको हकमा वसाई सराई दर्ताको प्रमाण पत्र वा स्थायी वसोवासको प्रमाणको प्रतिलिपि १ प्रति

**नोट :** यो सामाजिक सुरक्षाकार्यक्रम अर्न्तगत भत्ता तथा वृति उपभोग गरिरहेका परिचयपत्र प्राप्त लक्षित समूहले दफा ७ अनुसार २०७५ श्रावण १ गतेदेखि २०७५ मंसिर १५ गते भित्र न.पा. बाट प्राप्त परिचयपत्र,नागरिकताको फोटो कपि,पास फोटो समेत लिई अनिवार्य नवीकरण गर्न हुन अनुरोध छ । यदि नवीकरण नभएमा पुनः भत्ता तथा वृति प्राप्त गर्न नसकिने व्यहोरा समेत अनुरोध छ ।

इलाम नगरपालिका
इलाम जिल्ला, प्रदेश नं. १, नेपाल
२०७३

महेन्द्रकुमार खाम्याहाङ्ग
( प्रमुख प्रशासकीय अधिकृत )

महेन्द्रकुमार खाम्याहाङ्ग
प्रमुख प्रशासकीय अधिकृत